| | |
|---|---|
| बैठक संख्या | : ४७ औं (१२ औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७४ साल फागुन १६ गते |
| बैठकको अध्यक्षता | : श्री मन्जु कुमारी खड्का अध्यक्ष |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय, दैलेख |
| बैठक/समिति | : केन्द्रीय कार्य समिति बैठक |

उपस्थिति,

| | |
|---|---|
| श्री मन्जु कुमारी खड्का | अध्यक्ष |
| श्री हीरासिंह थापा | निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | उपाध्यक्ष |
| श्री नैनबहादुर शाही | महासचिव |
| श्री कल्पना थापा | सचिव |
| श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | सदस्य |
| श्री सूर्यबहादुर शाही | सदस्य |
| श्री सुमिक्षा चन्द | सदस्य |
| श्री धनलक्ष्मी वादी | सदस्य |
| श्री बसन्त श्रेष्ठ | निर्देशक |

*निर्णय नं. १,*

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ४६ औं बैठक अवधि देखि यस बैठक अवधि विच भए गरेका निर्णयहरुको समिक्षा गर्दै संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गरियो ।

*निर्णय नं. २*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखका उपाध्यक्ष श्री विर बहादुर नेपालीका पुजनिय पिता महाबु गाउँपालिका वडा नं. ३ बाँसी निवासी श्री लालसिंह सार्कीको ८४ वर्षको उमेरमा २०७४ साल फागुन १५ गतेका दिन असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकन्तिप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै मृत आत्मा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख र हेल्भेटास स्वीस इन्टरकोअपरेशन बिच एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम संचालनको लागि सन २०१८ का लागि रु.१९,७६,८४०/- (अक्षरुपी उन्नाईस लाख छयहत्तर हजार आठ सय चालिस) मात्रको सम्झौता भएको कुरा कार्य समितिमा छलफल तथा जानकारी गरियो

*निर्णय नं. ४*

हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपालको सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखद्वारा संचालित एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रममा सन २०१८ अवधि भरका लागि तपसिल वमोजिमका कर्मचारीहरुलाई तपसिल वमोजिमको पदमा तपसिलमा उल्लेखित वमोजिमको सेवा सुविधा सहित नियुक्ति दिने र पदपुर्ति समितिवाट सिफारिस भई आएका र संस्थाको अर्को परियोजनामा जिल्ला कार्यक्रम संयोजक पदमा कार्यरत मान वहादुर थापालाई यस परियोजनामा रिक्त हुने फिल्ड निरिक्षक पदलाई कार्यक्रम संयोजक पद श्रृजन गर्ने र उक्त पदमा पदस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | दुर्गम भत्ता | सञ्चार | जम्मा | नियुक्ती लागु हु |
|---|---|---|---|---|---|---|---|---|
| १. | मान वहादुर थापा | कार्यक्रम संयोजक | २५५००/- | २५५०/- | ० | ५००/- | २८,५५०/- | मार्च १ दे डिसम्वर ३१, २०१ |
| २. | महेन्द्र प्रसाद अधिकारी | फिल्ड निरिक्षक | २५५००/- | २५५०/- | ० | ० | २८,०५०/- | ~~मार्च~~ फेब्रोवरी दे २ २०१८ |
| ३. | जिवन सिंह | सव ईन्जिनियर | ३००००/- | ३०००/- | ० | ० | ३३,०००/- | १ जनवरी १ दे |
| ४. | पदम वहादुर शाही | प्राविधिक सहजकर्ता | २५,५००/- | २५५०/- | ० | ० | २८,०५०/- | ३१ जनवरी सम २०१८. |
| ५. | ललिता भण्डारी | सामुदायिक उत्प्रेरक | २४०००/- | २४००/- | ० | २००/- | २६,६००/- | जनवरी १ दे डिसम्वर ३१, २०१ |
| ६. | विष्णु प्रसाद भट्टराई | सव ईन्जिनियर | ३००००/- | ३०००/- | ० | २००/- | ३३,२००/- | मार्च १ दे डिसम्वर ३१, २०१ |

*निर्णय नं. ५,*

गुराँस गाउँपालिको सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखद्वारा संचालित जलाधार संरक्षण, जलवायु परिवर्तन र वातावरण संरक्षण कार्यक्रममा तपसिलम वमोजिमका व्यक्तिहरुलाई तपसिल वमोजिमको सेवा सुविधा दिई नियुक्ति दिई परिचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | दुर्गम भत्ता | सञ्चार | जम्मा | नियुक्ती लागु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | तुल्सी कुमारी पुन मगर | सामाजिक परिचालक | १३,०००/- | ० | ० | ० | १३,०००/- | २०७४ फागुन १ देखि २०७५ अषाढ मसान्तसम्म |
| २. | कलम शाही | सामाजिक परिचालक | १३,०००/- | ० | ० | ० | १३,०००/- | |
| ३. | कमला कुमारी थापा | सामाजिक परिचालक | १३,०००/- | ० | ० | ० | १३,०००/- | |
| ४. | चन्द्रा कुमारी वली | सामाजिक परिचालक | १३,०००/- | ० | ० | ० | १३,०००/- | |
| ५. | भावना रिजाल | सामाजिक परिचालक | ६,०००/- | ० | ० | ० | ६,०००/- | |

*निर्णय नं. ६,*

सेभ द चिल्ड्रेन र सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको साझेदारीतामा संचालित सहयात्रा परियोजनाको रिक्त हुन लागेको प्रशासन तथा लेखा अधिकृत पदलाई संस्थाको निति वमोजिम पदपुर्ति गर्न पदपुर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

*निर्णय नं. ७*

मानवता विरोधी आक्रमण रोकियोस भन्दै सिरियामा विद्रोही नियन्त्रित क्षेत्रमा हाले निशस्त्र सर्वसाधारण, महिला तथा बालबालिका र अशक्त नागरिक माथि भएको आक्रमणको निन्दा गर्दै भण्डै डेढ सय जति बालबालिका समेत पाँच सय भन्दा बढी मृत्यू भएका सर्वसाधारण मानिसहरुको सम्झनामा मिति २०७४ फागुन १८ गते मैनबत्ति बाल्ने निर्णय गरियो ।

*निर्णय नं. ८,*

यस संस्थाका संस्थापक अध्यक्ष हीरासिंह थापाले संस्थाको स्थापनाकाल देखि नै मेरो श्रीमति सीता कुमारी रानाको नाममा रहेको घरमा संस्था भाडा लिदै आएको र हाल संस्थाका निति अनुसार म निर्वतमान अध्यक्षको हैसियतवाट संस्थामा वस्दा मेरो स्वार्थ वाजिने देखिएको र यो घर संस्थाले भाडा लिदा मेरो कुनै पनि स्वार्थ नभएकोले संभव भएसम्म २ महिना भित्र घर खाली गरिदिनु हुन भनि निवेदन पेश भएको सन्दर्भमा छलफल गर्दा संस्थाले भाडामा लिएको व्लक वि विद्या कुमारी शाहीको घर सस्तोमा भाडामा लिएको, टाढा घर भाडामा लिदा काम गर्न असजिलो हुने हुदाँ र अर्को घर उक्त घरको वासपासको स्थानमा खोज्नु पर्ने भएकोले उक्त घरवाट १०० मीटर आसपासवाट ९ वटा कोठा भएको घर के कति दररेटमा दिन सकिन्छ भनि सुचना प्रकासन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ९,*

यस संस्थाको विकास साझेदार संस्थासंग सम्झौता गर्ने बाँकी रहेकोमा मार्च २०१८ सम्म पुरानो फेयर सेरिड अनुसार भुक्तानी दिने र आगामी बैठक पुर्व नै फेयर सेरिड तयार गरि अप्रिल १, २०१८ बाट लागु हुने गरि नयाँ तयार गर्ने निर्णय गरियो ।

*निर्णय नं. १०,*

सेभ द चिल्ड्रेन र सामाजिक सेवा केन्द्र (सोसेक) नेपालको साझेदारीतामा संचालित सहयात्रा परियोजनाको डिसेम्वर २०१७ को भौचर नं. ६६४ डिसेम्वर १३, २०१७ मा मोहन प्रसाद पौडेलको नाममा पेस्की चेक ईस्यु गर्दा पेस्की माग फारममा लिने, सिफारिस गर्ने र स्वीकृत गर्नेले खाली पानामा हस्ताक्षर गरेको देखिएको अवस्थाले संस्थाको के कति कारणले यस्तो हुन गएको हो सोमा संलग्न मोहन प्रसाद पौडेल, निर्मल अधिकारी र नवराज विसीसंग स्पष्टिकरण माग गरि आगामी बैठकमा पेश गर्न निर्देशकलाई निर्देशन दिने निर्णय गरियो ।

*निर्णय नं. ११,*

डिसीएसंगको साझेदारीतामा संचालन भएको साकार परियोजनाको खरिद समितिमा संयोजकमा झलक भण्डारी, सदस्यमा वशन्त श्रेष्ठ र टिकाराम सापकोटालाई समितिमा तोक्ने निर्णय गरियो ।

*निर्णय नं. १२*

संस्थाको पदपुर्ति समितिका सदस्य कार्य समितिका सदस्यलाई पदपुर्ति समितिको बैठक बसेको दिन डिसीए वापत दैनिक रु. १,५००/- (अक्षरुपी एक हजार पाँच सय) दिने र कर्मचारीहरुलाई विल अनुसारको खाना खर्च उपलब्ध गराउने निर्णय गरियो ।

*निर्णय नं. १३,*

नेकपा माओवादी विप्लवले ठाँटिकाँधमा आयोजना गरेको स्वास्थ्य शिविरमा संस्थालाई रकम माग भई आएको अवस्थामा नेपालगंजवाट ठाँटीकाँधसम्म डाक्टर टोलीलाई पुर्‍याउने र ठाटीकाँधवाट नेपालगंग पुर्‍याउन गाडीलाई लागेको खर्च संस्थाको आन्तरिक कोषवाट २५,०००/- (अक्षरुपी पच्चिस हजार) भुक्तानी दिने निर्णय गरियो ।